CS Scanned with CamScanner

स्थानीय सरकार
मेलुङ गाउँपालिका
མེ་ལུང་ གཱ་ཨུཾ་པ་ལི་ཀཱ། | मलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२।०८३
चलानी नम्बर : सूचना नं: ५४

भेडपु, दोलखा
बागमती प्रदेश, नेपाल

मितिः २०८२/०७/११

आमाबाबु विहिन बालबालिकाको विवरण सङ्कलन सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम सञ्चालनका लागि निवेदन सङ्कलन गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता भएको बालबालिका वा निजको संरक्षकले निम्न अनुसारको कागजात सहित वडा कार्यालयमा गई मिति २०८२ कार्तिक ११ देखि पुस १७ गते भित्र आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

बालबालिकाको योग्यता

आमा र बाबु दुवै मृत्यु भएको भए:

१. १८ वर्ष उमेर पुरा नगरेको,
२. ५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको,
३. कुनै गैर कानुनी तथा अपराधिक कार्यमा संलग्न नभएको।

आवेदनको साथमा संलग्न गर्नुपर्ने कागजातहरु

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि १ थान वा नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. आमा बाबु दुवैको मृत्यूदर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. सम्बन्धित बालबालिकाको संरक्षक हो भनि व्यहोरा खुलेको वडा कार्यालयको सिफारिस पत्र,
४. विद्यालयमा भर्ना भई नियमित विद्यालयमा आउने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र),
५. संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान।

नोटः थप जानकारीको लागि महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा ९८४३४००१६५ मा सम्पर्क गर्न सकिनेछ।

(सन्जय शिवाकोटी)
प्रमुख प्रशासकीय अधिकृत